UnionLife
INSURANCE CO. LTD.
जीवन अमूल्य छ, सुरक्षित गर्नुहोस्

# यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
# UNION LIFE INSURANCE COMPANY LIMITED

**Corporate office:** New Baneshwor-10, Kathmandu, Nepal

प.स./यूलाइक/ च.नं. 4966 /२०७८/७९
मिति : २०७९/०२/१८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

बिषय: निर्णय विवरण (माईन्युट) सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०७९।०१।२३ गते सम्पन्न भएको चौथो बार्षिक साधारण सभाको काम कारवाही सम्बन्धी निर्णय विवरण (माईन्युट) तहाँको जानकारीको लागि यसै साथ संलग्न गरी पेश गरिएको ब्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

ईश्वर कुमार सेडाई
कम्पनी सचिव

# यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको चौथो बार्षिक साधारण सभाको कामकारवाही सम्बन्धी निर्णय विवरण (माईन्युट)

## १. बैधानिक रुपमा सभाको संचालनः

यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक समितिको मिति २०७८।१२।२९ गते बसेको ७३ औं बैठकको निर्णयानुसार बोलाईएको चौथो बार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष श्री शुलभ अग्रवालज्यूको अध्यक्षतामा मिति २०७९।०१।२३ गते शुक्रबार (तद्अनुसार ६ मे २०२२) बिहान १०:३० बजे देखि १:३० बजे सम्म कम्पनीको रजिष्टर्ड कार्यालय रहेको स्थान सिद्धार्थनगर नगरपालिका भैरहवा, रुपन्देही स्थित टाइगर प्यालेस रिसोर्टमा बसी देहायका बिषयहरु उपर छलफल तथा निर्णय भयो ।

## २. सभाको सूचना प्रकाशनः

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको बार्षिक साधारण सभाको सूचना, अध्यक्षज्यूको मन्तव्य, आ.व. २०७६।७७ को लेखापरीक्षण सहितको बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै सभाको पहिलो सूचना मिति २०७८/१२/३० गते आर्थिक अभियान राष्ट्रिय दैनिक र दोश्रो सूचना मिति २०७९/०१/१६ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो ।

## ३. छलफलका बिषयहरुः

### (क) साधारण प्रस्ताव अन्तर्गत :

१. संचालक समितिको आ.व. २०७६।७७ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. आ.व. २०७६/७७ को लेखापरिक्षकको प्रतिवेदन, वासलात तथा नाफा/ नोक्सान हिसाब एवं नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचिहरु तथा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वित्तीय विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. लेखापरीक्षण उपसमितिको सिफारिस बमोजिम आ.व. २०७७/७८ को लागि बाह्य लेखा परीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा (कम्पनी ऐन बमोजिम वाहलवाला लेखापरीक्षक श्री एलएसपी एसोसिएट्स चाटर्ड एकाउन्टेण्टस् पूनः नियुक्ति हुन सक्नु हुने छैन) ।

४. संचालक समितिमा संस्थापक शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने ४ (चार) जना र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

५. स्वतन्त्र विज्ञ संचालकको नियुक्तिको अनुमोदन गर्ने सम्बन्धमा ।

६. प्रमुख कार्यकारी अधिकृतको पुनः नियुक्तिको अनुमोदन गर्ने सम्बन्धमा ।

यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

(ख) **विशेष प्रस्ताव अन्तर्गत :**

१. कम्पनीले सामूहिक लगानी कोष संचालन गर्ने र सो को स्थापनार्थ प्रबन्धपत्रमा उद्देश्य थप गर्ने सम्बन्धमा ।

२. यस कम्पनी तथा अन्य जीवन बीमा कम्पनी बिच एक आपसमा मर्ज हुने (गाभ्ने/गाभिने), प्राप्ती गर्ने (एक्विजिशन) गर्ने प्रयोजनको लागि आवश्यक सम्पूर्ण प्रक्रियागत प्रकृयाहरु अवलम्वन गरी मर्ज हुने (गाभ्ने/गाभिने), प्राप्ती गर्ने (एक्विजिशन) गर्ने कार्यको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

३.कम्पनीको बिस्तृत लेखापरीक्षण (डिडिए) गर्नको लागि लेखापरीक्षक (मुल्यांकनकर्ता) नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने कार्यको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

४.प्रबन्धपत्र नियमावलीमा भएको संसोधनमा सम्बन्धित नियमनकारी निकायहरुले कुनै फेरबदल, संसोधन एवं परिमार्जन गर्नको लागि सुझाव दिएमा सोही अनुरुप आवश्यक फेरवदल, संसोधन एवं परिमार्जन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

५. कम्पनी ऐनको दफा १०५ को (१) (ग) बमोजिम आ.व. २०७६।७७ मा भएको खर्चको अनुमोदन गर्ने सम्बन्धमा ।

(ग) विविध:

**४. साधारण सभामा उपस्थिती:**

**४.१ संचालक समितिका पदाधिकारीहरु**

| | | |
|---|---|---|
| १. | श्री शुलभ अग्रवाल | अध्यक्ष |
| २. | श्री संदिप कुमार अग्रवाल | संचालक |
| ३. | श्री जीवन कुमार अग्रवाल | संचालक |
| ४. | श्रीमती सिमा गोल्छा | संचालक |
| ५. | श्री दिगम्बर झा | स्वतन्त्र विज्ञ संचालक |

**४.२ अन्य पदाधिकारीहरुको उपस्थिती**

| | | |
|---|---|---|
| १. | श्री मनोज कुमार लाल कर्ण | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री कपिल कुमार दाहाल | उप प्रमुख कार्यकारी अधिकृत |
| ४. | श्री ईश्वर कुमार सेडाई | कम्पनी सचिव |
| ५. | श्री बुद्ध बहादुर सूर्यबंशी | प्रबन्धक |

**४.३ शेयरधनीहरुको उपस्थिती**

| | | | |
|---|---|---|---|
| १. | स्वयं उपस्थित हुने शेयरधनीहरुको संख्या | : | ४६ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या | : | ४१० |
| ३ | जम्मा उपस्थित संख्या | : | ४५६ |
| ४ | उपस्थित शेयर संख्याको जम्मा प्रतिशत | : | ६६.१९ |

५. सभाको बैधानिकता:

कम्पनी ऐन तथा कम्पनीको नियमावली बमोजिम सभा बोलाईएको, कम्पनी ऐनको दफा ७३ को उपदफा (२) बमोजिम साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरि कम्तीमा ३ जना शेयरधनीको उपस्थिती हुनु पर्ने व्यवस्था भए अनुसार कम्पनीको चौथो बार्षिक साधारण सभामा ४६ जना शेयरधनीहरु स्वयं उपस्थित हुनु भएको र प्रोक्सी मार्फत ४१० जनाको गरी कुल शेयर संख्याको ६६.१९ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कानुन अनुसार चौथो बार्षिक साधारण सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

६. बार्षिक साधारणसभाको प्रस्तुती:

सभाका अध्यक्षज्यूले उपस्थित सवै शेयरधनी महानुभावहरुलाई पूर्व निर्धारित छलफलको बिषय सूचिमा उल्लेख गरिएका साधारण र बिशेष प्रस्ताबहरुको बिषयहरुका बारेमा जानकारी गराउनु भयो । साधारण सभामा प्रस्तुत गरिएका बिषयहरु कुनै सुझाव भए छलफलमा भाग लिनको लागि सम्पूर्ण शेयरधनी महानुभावहरु समक्ष आग्रह गर्नुभयो ।
तत्पश्चात सभामा सर्वसाधारण शेयरधनी श्याम न्यौपानेले मन्तब्य राख्दै कम्पनीले निरन्तर प्रगती गरिहेकोमा धन्यवाद दिनुभयो । साथै उहाँले आगामी दिनहरुमा शेयरधनीहरुको हितमा समेत उचित ध्यान दिएर कार्य गर्न सुझाव दिनुभयो ।

७. साधारण सभाको निर्णय :

(क) साधारण प्रस्तावतर्फ:

१. आ.व. २०७६।७७ को संचालक समितिको बार्षिक प्रतिवेदन सभाका अध्यक्षज्यूले अनुमोदनका लागि सभा समक्ष पेश गर्नु भएकोमा सभाले प्रस्तुत बार्षिक प्रतिवेदन सर्वसम्मतीबाट अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

२. कम्पनीको आ.व.२०७६/७७ को वित्तिय विवरण, वासलात, नाफा/ नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचिहरु तथा नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वित्तिय विवरण पारित गरियोस् भनी सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ को (३) बमोजिम एउटै लेखापरीक्षकले लगातार तीन पटक भन्दा बढि लेखापरीक्षण गर्न नपाउने ब्यवस्था रहेको हुँदा यस अघि कम्पनीको निरन्तर तीन बर्ष लेखापरीक्षण गरिरहनु भएको श्री एल.एस.पी. एशोसिएट्स चार्टड एकाउण्टेण्टस् पूनः नियुक्तिको लागि योग्य नरहनु भएको हुँदा लेखापरीक्षण उपसमितिको सिफारिस बमोजिम आ.व. २०७७/७८ को लागि लेखा परीक्षकको नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्नका लागि सभाका अध्यक्षज्यूले सभामा प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण उपसमितिको सिफारिस बमोजिम आ.व. २०७७/७८ को लागि बाह्य लेखापरीक्षकमा श्री आर राजकर्णिकार एण्ड कम्पनी एशोसिएट्स चार्टड एकाउण्टेण्टस, सितापाईला, काठमाण्डौलाई नियुक्त गर्ने र निजको

पारिश्रमिकको हकमा लेखापरीक्षण शुल्क मुल्य अभिबृद्धि कर समेत रु. ४,२५,०००।- (अक्षरेपी चार लाख पच्चिस हजार) पारिश्रमिक प्रदान गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

४. कम्पनीको संचालक समितिमा संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ (चार) जना र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने प्रयोजनको लागि मिति २०७९।०१।१३ गतेमा प्रकाशित निर्वाचन तालिका सम्बन्धी सूचना अनुसार उम्मेदवारी दर्ता गर्न तोकिएको मिति २०७९।०१।२० गतेमा संस्थापक समूह तर्फ ४ संचालक पदको लागि श्री शुलभ अग्रवाल, श्री संदिप कुमार अग्रवाल, श्री जीवन कुमार अग्रवाल (प्रतिनिधिः शालिमार इन्भेष्टमेण्ट कम्पनी प्रा.लि.), श्रीमती सिमा गोल्छा (प्रतिनिधिः गोयल मेटल इन्डष्ट्रिज प्रा.लि.) को मात्र उम्मेदवारी परेको र सर्वसाधारण समूह तर्फ २ संचालक पदको लागि श्री सिताराम अग्रवाल, श्री सचिन आचार्य, श्री बद्रि सिग्देल र श्री राजिव ठाकुर समेत ४ जनाको उम्मेदवारी परेकोमा उम्मेदवारी फिर्ता लिन तोकिएको मिति २०७९।०१।२१ गतेमा श्री बद्रि सिग्देल र श्री राजिव ठाकुरले उम्मेदवारी फिर्ता लिनु भएकोले तपसिल बमोजिमका शेयरधनीहरु संचालक समितिमा निर्विरोध निर्वाचित हुनु भएको निर्वाचन अधिकृत दिलिप कुमार मल्लिकले घोषणा गर्नुभयो र सभाले उक्त परिणामलाई सर्मसम्मतीले समर्थन गरी अनुमोदन गरियो ।

| क्र.सं | निर्वाचित भएका संचालकहरुको नाम | समूह |
|---|---|---|
| १ | श्री शुलभ अग्रवाल | संस्थापक समूह |
| २ | श्री संदिप कुमार अग्रवाल | संस्थापक समूह |
| ३ | श्री जीवन कुमार अग्रवाल (प्रतिनिधिः शालिमार इन्भेष्टमेण्ट कम्पनी प्रा.लि.) | संस्थापक समूह |
| ४ | श्रीमती सिमा गोल्छा (प्रतिनिधिः गोयल मेटल इन्डष्ट्रिज प्रा.लि.) | संस्थापक समूह |
| ५ | श्री सिताराम अग्रवाल | सर्वसाधारण समूह |
| ६ | श्री सचिन आचार्य | सर्वसाधारण समूह |

५. कम्पनी संचालक समितिको मिति २०७८।०८।१३ गतेको बैठकबाट नेपाल दुरसंञ्चार प्राधिकरणको अध्यक्ष तथा नेपाल आयल निगमको कार्यकारी निर्देशक पदमा रहेर कार्यानुभव हासिल गरिसक्नु भएको काठमाण्डौं महानगरपालिका वडा नं. १० नयाँ बानेश्वर बस्ने दिगम्बर झालाई कम्पनीको स्वतन्त्र विज्ञ संचालक नियुक्त गरेकोले सो निर्णय अनुमोदनको लागि सभाका अध्यक्षज्यूले प्रस्ताव पेश गर्नु भएकोमा श्री दिगम्बर झालाई स्वतन्त्र विज्ञ संचालक नियुक्ति गरिएको कार्यको सर्वसम्मतीले अनुमोदन गर्ने निर्णय गरियो ।

६ कम्पनी संचालक समितिको मिति २०७८।०२।३१ गतेका बैठकबाट दोश्रो कार्यकालको लागि श्री मनोज कुमार लाल कर्णलाई प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्ने गरे बमोजिम नियमनकारी निकाय बीमा समितिको मिति २०७८।०३।२८ गतेको पत्रबाट स्वीकृती प्राप्त भई निरन्तर कार्यरत रहदै आउनु भएकोले प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको अनुमोदनको लागि सभाका अध्यक्षज्यूले प्रस्ताव पेश गर्नु भएकोमा श्री मनोज कुमार लाल कर्णलाई प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति गरिएको कार्यको सर्वसम्मतीले अनुमोदन गर्ने निर्णय गरियो ।

ख. **विशेष प्रस्तावतर्फ :**

१. कम्पनीले सामूहिक लगानी कोष संचालक गर्ने र सो को स्थापनार्थ प्रबन्ध पत्रमा उद्धेश्य थप गर्ने सभाका अध्यक्षज्यूले प्रस्ताव पेश गर्नु भएकोमा सो प्रस्तावलाई उचित ठहर गरी सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

२. नियमनकारी निकाय श्री बीमा समितिले २०७९ चैत्र भित्रमा जीवन बीमा कम्पनीको चुक्ता पूँजी रु. ५ अर्ब पुऱ्याउनु पर्ने निर्देशन दिएको सन्दर्भलाई मध्यनजर गरी यस कम्पनी र अन्य जीवन बीमा कम्पनी बिच एक आपसमा मर्ज हुने (गाभ्ने/गाभिने), प्राप्ती गर्ने (एक्विजिशन) गर्ने प्रयोजनको लागि आवश्यक सम्पूर्ण प्रक्रियागत प्रकृयाहरु अवलम्वन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने कार्यको लागि सभाका अध्यक्षज्यूले प्रस्ताव पेश गर्नु भएकोमा सो प्रस्तावलाई उचित ठहर गरी यस कम्पनी र अन्य जीवन बीमा कम्पनी बिच एक आपसमा मर्ज हुने (गाभ्ने/गाभिने), प्राप्ती गर्ने (एक्विजिशन) गर्ने प्रयोजनार्थ उपयुक्त जीवन बीमा कम्पनी संग बार्ता, सहमती, संझौता गर्ने समेतको सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई सम्पूर्ण अधिकार दिने प्रस्ताव सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

३. संचालक समितिले मर्जर संझौता गरेको अवस्थामा कम्पनीको बिस्तृत लेखापरीक्षण (डिडिए) गर्नको लागि लेखापरीक्षक (मुल्यांकनकर्ता) नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्नु पर्ने हुँदा सो कार्यको लागि संचालक समितिलाई अख्तियारी दिन सभाका अध्यक्षज्यूले प्रस्ताव पेश गर्नु भएकोमा सो प्रस्तावलाई उचित ठहर गरी कम्पनीको बिस्तृत लेखापरीक्षण (डिडिए) गर्नको लागि लेखापरीक्षक (मुल्यांकनकर्ता) नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्नको लागि संचालक समितिलाई सम्पूर्ण अधिकार दिने प्रस्ताव सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

४. कम्पनीको प्रबन्धपत्र नियमावलीमा भएको संसोधनमा सम्बन्धित नियमनकारी निकायहरुले कुनै फेरबदल, संसोधन एवं परिमार्जन गर्नको लागि सुझाव दिएमा सोही अनुरुप आवश्यक फेरवदल, संसोधन एवं परिमार्जन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सभाको अध्यक्षज्यूले पेश गर्नु भएकोमा सो प्रस्तावलाई उचित ठहर गरी कम्पनीको प्रबन्धपत्र नियमावलीमा भएको संसोधनमा आवश्यक फेरवदल, संसोधन एवं परिमार्जन गर्नको लागि संचालक समितिलाई सम्पूर्ण अधिकार दिने प्रस्ताव सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

५. कम्पनीबाट आ.व.२०७६।७७ को अवधिमा सामाजिक उत्तरदायित्व अन्तर्गत कोभिड-१९ बाट प्रभावित व्यक्तिहरुलाई सहयोगार्थ नेपाल सरकारको कोभिड-१९ फण्डमा चन्दा सहयोग वापत प्रदान गरिएको रु. ७,५०,०००।- अनुमोदनका लागि सभामा पेश गर्नु भएकोमा सो चन्दा सहयोग रकम अनुमोदन गरियो ।

**ग) विविध अन्तर्गत:**

कम्पनी वार्षिक साधारणमा विविध शिर्षक अन्तर्गत कुनै पनि प्रस्तावहरु पेश नभएको र छलफलहरु समेत नभएको ।

८. धन्यवाद सहित सभा बिसर्जनः

अन्त्यमा, सभाका अध्यक्षज्यूले उपस्थित संचालक, संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, नियामक निकाय बीमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय, सिडिएस एण्ड क्लियरिङ लिमिटेड, शेयर रजिष्टार प्रभु क्यापटिल लिमिटेड, कर्मचारीहरु, अभिकर्ताहरुका साथै कम्पनीको चौथो बार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिंदै सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

.........................................
ईश्वर कुमार सेडाई
कम्पनी सचिव

.........................................
शुलभ अग्रवाल
अध्यक्ष